# यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको संस्थापक समूहको शेयर लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्न शिलबन्दी बोलपत्र आव्हानको सूचन

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८१/०८/२७**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/१०/०२**

एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको स्वामित्वमा रहेको यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको संस्थापक समूहतर्फको ९२,३२० कित्ता शेयर प्रचलित नियम कानून तथा बीमा प्राधिकरणको निर्देशन बमोजिम तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा भएको व्यवस्थाको अधिनमा रही संस्थापक समूहको शेयर सोही समूहमा नै रहने गरी लिलाम बढाबढद्वारा बिक्री गर्न कम्पनीका संस्थापक शेयरधनीहरुलाई नै पहिलो प्राथमिकता दिनुपर्ने बीमा प्राधिकरणको निर्देशन बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि बिद्यमान संस्थापक शेयरधनी महानुभावलाई कम्पनीको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा **मिति २०८१/१०/०२ गते अपरान्ह २:०० बजेभित्र बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं**मा आइपुग्ने गरी तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । उक्त तोकिएको समयसिमाभित्र बिद्यमान संस्थापक शेयरधनी महानुभावहरुबाट सम्पूर्ण शेयर खरीदको लागि आवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्तिलाई बिक्री गर्ने सम्बन्धी आवश्यक कारवाही अघि बढाइने व्यहोरा समेत सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| लिलाम बढाबढद्वारा बिक्री गरिने धितोपत्रको विवरण : | | |
|---|---|---|
| बिक्रीको लागि प्रस्ताव गरिएको धितोपत्रको विवरण | : | ९२,३२० कित्ता (संस्थापक शेयर) |
| प्रस्ताव गरिएको न्यूनत्तम मूल्य | : | प्रति शेयर रू. १५९/- |

**शर्तहरू:**

१. बोलपत्र आवेदन फाराम बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ । आवेदकले फाराम खरीद गर्दा एनआइएमबि एस क्यापिटल लिमिटेडबाट छाप लगाएको आवेदन फाराम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको वा फोटोकपी गरी पेश गरिएको आवेदन फारामलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिनेछैन ।

२. शेयरको **न्यूनतम मूल्य प्रति शेयर रु. १५९**/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले शेयर खरीदका लागि एउटा मात्र बोलपत्र मार्फत आवेदन दिनुपर्नेछ । साथै बोलपत्र फाराम लाहाछाप लगाई शिलबन्दी गरिएको हुनुपर्नेछ ।

३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर संख्या तथा आफूले कबोल गरेको प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिनेभएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, मोबाईल नम्बर, आफ्नो खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. संस्थापक शेयर खरीद गर्न ईच्छुक सम्पूर्ण बोलपत्रदाताले बीमा प्राधिकरणबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूची ४) को विवरण (फोटो सहित), कर्जा सूचना केन्द्र लिमिटेडबाट प्राप्त कालोसूचीमा समावेश नभएको प्रमाणित हुने कागजात (बाँडफाँड हुने मिति सम्ममा तीन महिनाको अवधी कायम रहेको), आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, आफ्नो नाममा वा आफ्नो नाममा रहेको व्यवसायको स्थायी लेखा नं. का साथै नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गनुपर्नेछ ।

६. बोलपत्र पेश गर्दा **न्यूनतम ५००० कित्ता**का लागि आवेदन गर्नु पर्नेछ । आवेदन दिंदा अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नं. (PAN) आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

७. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा BOID मा भएको विवरण सँग हुबहु मिल्ने गरी पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्य तथा शेयर नामसारी गरिलिंदा तिर्नु/बुझाउनु पर्ने ब्रोकेरेज शुल्क, सेबोन कमिशन र डिपोजिटरी दस्तुर समेत गरी हुन आउने सम्पूर्ण रकम मिति २०८१/१०/०२ गतेसम्म तल उल्लेख गरे बमोजिमको बैंक खातामा धरौटी बापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) वा Connect IPS वा IPS मार्फत रकम बुझाइएको भए सो को Transaction Copy संलग्न गर्नुपर्नेछ वा एनआइएमबि एस क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for payment Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्ध हुनेछ । Connect IPS वा IPS मार्फत रकम जम्मा गर्दा लाग्ने शुल्क आवेदक स्वंयले नै व्यहोर्नु पर्नेछ ।

| क्र.सं. | बैंकको नाम र शाखा | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं | NIMB Ace Capital -Auction | 03601040266185 |

८. आवेदनका साथ देहाएका कागजात संलग्न गर्नुपर्नेछ :

क) आवेदक नेपाली नागरिक भएमा आवेदनका साथ तीनप्रति फोटो, आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।

ख) आवेदक नेपालमा दर्ता भएको संगठित संस्था/कम्पनी भएमा कम्पनीको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि, संस्थाको विगत दुई आर्थिक वर्ष देखि संचालन मुनाफामा रहेको वित्तीय विवरण, संस्थाका संचालकहरुको कर्जा सूचना केन्द्रबाट प्राप्त कालोसूचीमा समावेश नभएको प्रमाणित हुने कागजात (बाँडफाँड हुने मिति सम्ममा तीन महिनाको अवधी कायम रहेको) कम्पनीको प्रबन्धपत्र, नियमावलीको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर **"यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड शेयर खरीद आवेदन (संस्थापक समूह)"** उल्लेख भएको हुनुपर्नेछ ।

१०. बोलपत्र मिति २०८१/१०/०२ गते बुधबार अपरान्ह २:०० बजेभित्र एनआइएमबि एस क्यापिटलमा दर्ता भईसक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन । साथै, बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

११. प्राप्त शिलबन्दी बोलपत्रहरु मिति २०८१/१०/०३ गते बिहीबार दिउंसो ३:०० बजे एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा बोलपत्रदाता वा निजद्वारा लिखित रुपमा नियूक्त प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा सोही स्थानमा बोलपत्र खोलिनेछ ।

१२. रितपूर्वक आवेदन गर्ने आवेदकहरु सबैलाई बाँडफाँडमा समावेश गरिने छ । बिक्रीको लागि आव्हान गरिएको शेयर संख्या भन्दा बढी संख्यामा शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा निकटतम पूर्ण अंकमा शेयर बाँडफाँड गरिनेछ । यसरी बाँडफाँड गर्दा समेत केही शेयर कम वा बेशी हुन गएमा आवेदन गरेको शेयर संख्याको आधारमा थपघट गरी सम्बन्धित कम्पनीको सञ्चालक समितिको निर्णयानुसार पूर्ण अंकमा रहने गरी शेयर बाँडफाँड गरिनेछ ।

१३. बाँडफाँडमा परेका बोलपत्रदाताहरुलाई बाँडफाँड गरिने शेयरको सम्बन्धित कम्पनीको सञ्चालक समितिबाट बाँडफाँडको स्वीकृति भई आवस्यकाता अनुसार बीमा प्राधिकरणबाट अन्तिम स्वीकृति प्राप्त भए पश्चात् मात्र बाँडफाँड गरिने छ । कथंकदाचित बीमा प्राधिकरणबाट बाँडफाँडका लागि स्वीकृति प्राप्त भएमा वा माग गरेको शेयरमध्ये आंशिक शेयरका लागि मात्र स्वीकृति प्राप्त भएमा स्वीकृति प्राप्त भए बमोजिमको शेयर बाँडफाँड गरिने छ । यसरी गरिएको बाँडफाँड बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ । बाँडफाँडको अन्तिम स्वीकृति प्राप्त भए पश्चात् मात्र शेयर नामसारीको प्रकृया अगाडी बढाइने छ ।

१४. बाँडफाँडमा परेका आवेदक संस्थापक शेयरधनीहरुलाई निजको नाममा बाँडफाँडमा परेको शेयर निजको हितग्राही खातामा जम्मा गर्नका लागि धितोपत्र दलाल (स्टक ब्रोकर) मार्फत कारोबार गराई जम्मा गरिने भएकोले सो कारोबार गर्दा प्रचलित कानून बमोजिम लाग्ने शुल्क तथा कमिशन सम्बन्धित खरीदकर्ताले नै व्यर्होनु पर्नेछ । बिक्रेताको लागि लाग्ने उपरोक्त शुल्क, कमिशन तथा पूँजीगत लाभ कर भने बिक्रेता स्वयंले नै व्यहोर्नुपर्नेछ ।

१५. दरखास्त फारामसाथ बुझाएको अन्य शुल्क तथा दस्तुर नपुग भएमा वा केही कारणवश परिवर्तन हुन गएमा सो पुनः माग गर्न कुनै बाधा पर्ने छैन ।

१६. बोलपत्र आवेदनहरुमध्ये बाँडफाँडमा नपरेको आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम अन्तिम बाँडफाँड पश्चात् धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा तोकिएको समयावधिभित्रमा IPS मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तानी गरिनेछ । साथै, यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१७. शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा नियमनकारी निकायको राय सुझाव लिई सोही बमोजिम विवादको समाधान गरिनेछ र सो निर्णय खरीदकर्ता तथा बिक्रेता दुबैलाई मान्य हुनुपर्नेछ ।

**बिक्री प्रवन्धकः**


NIMB ACE
CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४५२५२८०, फ्याक्स: ४००५०८४
इमेलः info@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com



**मिति २०८१/०८/२७ गतेको कारोबार दैनिकमा प्रकाशित**